# सार्वजनिक महत्व/ समसामायिकको प्रस्ताव

सभा अध्यक्षज्यू, अध्यक्ष ज्यूको अनुमतिले बगनासकाली गाउँपालिका वडा नं. ४, ५ र ६ को संगम स्थलमा अव्यस्थित रामनदीधामको सम्बन्धमा देहायको विवरण यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**सिद्धगुफाको ऐतिहासिक पृष्ठभूमी**

श्री कृष्णगण्डकी हिन्दु धर्मावलम्बीहरूको धार्मिक धरोहर र पवित्र स्थल हो । यहि कृष्णगण्डकीको काखमा अवस्थित छ श्री सिद्धगुफा । विभिन्न धार्मिक विद्वानहरूको भनाई अनुसार यस गुफाभित्र सत्य युगमा कपिल मुनि, त्रेता युगमा हनुमान, रामचन्द्र र सीता भगवानले अनि द्वापर युगमा बलरामले तपस्या गर्नुभएको थियो । कलियुगमा पाल्पाका राजा मणिमुकुन्द सेनको पालामा सुनविर माझीले तपस्या गरेको र तपस्या गर्दैगर्दा गुफा भित्रबाट बाहिर नआई अलप भएको भन्ने कुरा बगनासकाली- ५ सुनादीका अग्रज जानकारहरू बताउनुहुन्छ ।

पाल्पा जिल्ला बगनासकाली गाउँपालिका अन्तर्गत वडा नं. ५ स्थित श्री रामनदीधाम धार्मिक पवित्र स्थल पाल्पा र गण्डकी प्रदेश स्याङ्गजा जिल्ला गल्याङ्ग नं. पा वडा नं. १ राम्दीको संगमस्थल हो । यहाँ प्राचिन सिद्धगुफा, कालीगण्डकी ऋषि महर्षिहरूको तपोभुमी क्षेत्र पर्यटकीय साथै धार्मिक श्रद्धालु भक्तजनहरूको बाक्लो उपस्थिती हुने गर्दछ । यो स्थानलाई सफा सुन्दर राख्नको लागि फोहोरपानी ( नाली) व्यवस्थापन, धार्मिक बाटाहरू सर-सफाई ठाउँठाउँमा फोहोर मलाई भाँडाहरू, जानकारी सूचना पाटीहरू, फोहर व्यवस्थापनस्थल बनाउनुपर्ने, ठाउँ अनुसार आउने पर्यटकहरूलाई आकर्षण गर्ने व्यवस्था, सुनादी क्षेत्रमा धार्मिक भजनहरू, दर्पुक क्षेत्रमा फूल व्यवसाय, खानिछाप क्षेत्रमा रहेको जंगलमा आयमूलक अम्रिसो खेति तथा अन्य आयमुलक व्यवसाय सञ्चालन गर्न रामनदीधामलाई केन्द्रविन्दु मानी होम-स्टे सञ्चालन गरि आउने पर्यटकहरूलाई यस क्षेत्रमा २-४ दिन राख्न सकिने गरि व्यवस्था गर्न सकिने सम्भावना देखिन्छ ।

रामनदीधामलाई जोडेर यस क्षेत्रको चिनारीको लागि सिद्धगुफा, कालीगण्डकी पुल, धार्मिक मठमन्दिरहरू समावेश गरि तस्विरहरू, धार्मिक वस्त्रहरू, झोलाहरू तयार गरि यस क्षेत्रलाई अझ पहिचान गराउन सकिने सम्भावना देखिन्छ । यस क्षेत्र नजिकै खुल्लावस्ती भएको ठाउँमा क्रसर उद्योग सञ्चालन गरि आयमुलक व्यवसायका साथै जडिवुटीहरू- वेल, कुरिलो आदि खेती सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।

यस क्षेत्र तिर्थस्थल तथा सवदाहस्थल भएकाले गण्डकी तटमा नुहाउने स्थान, शव दाहस्थल व्यवस्थापन गरि आउने भक्तहरू तथा मलामीहरूलाई सुविधा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । यस क्षेत्रमा

आउने श्रद्धालु भक्तहरू तथा पर्यटक, मलामीहरूलाई सुविधा हेतु स्वास्थ्य इकाई सञ्चालन तुरून्त गर्नुपर्ने देखिन्छ । कृषि व्यवसाय फष्टाउनका लागि मोहदीखोलादेखि लामपाते जोड्ने मोटरबाटो व्यवस्थित गर्नुपर्ने देखिन्छ । श्रीकृष्ण गण्डकीबाट कटान भएको वस्ती क्षेत्र तथा सिद्धार्थ राजमार्ग संरक्षणको लागि तटबन्ध गरी जोखिम न्यूनिकरण गर्न सकिने सम्भावना देखिन्छ ।

- कालीगण्डकी नदी माथि रहेको पूल नयाँ बनिसकेपछि पुरानो पुलमा सेल्फीस्थल बनाउन सकिन्छ ।
- ओस्पाखोला दर्लमडाँडा र गुडुवाखोलामा झलुङ्गेपूल बनाई बन्जीजम्प सञ्चालन गर्न सके गाउँपपालिकाको आन्तरिक आय अत्याधिक बढ्न सक्ने तथा विदेशी पर्यटकको समेत भित्र्याउन सकिन्छ ।
- ब्राह्मण र मगर समुदायको होमस्टे सञ्चालन गर्न सकिन्छ ।
- तल्लो कोल्डाँडामा रहेको शहिद केवल गाहा खेल मैदानलाई रमणीय पार्क बनाउन सकिन्छ ।
- राम्दीबाट दर्लममहाकाली मन्दिरसम्म केवलकार सञ्चालन गर्न सके आन्तरिक पर्यटकको संख्या बढी हुने तथा आन्तरिक आम्दानी बढाउन सकिन्छ ।
- माथिल्लो कोल्डाँडामा प्याराग्लाइडिङ्ग सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्न सकिन्छ ।
- कालीगण्डकी नदीमा र्‍याफ्टिङ्ग सञ्चालन गर्न सकिन्छ ।

**सम्भावना :**

- रामनदी क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्न गुरुयोजना तयार गरी नीति तथा कार्यक्रमसहित अगाडि बढ्न सकिने ।
- धार्मिकस्थलको विकासले मानव जीवनमा संस्कारसहितको अनुशासनमा मद्दत पुग्ने भएकोले नैतिक र संस्कारयुक्त सम्प्रदायको विकासमा सहयोग पुग्ने ।
- धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरी यस क्षेत्रका व्यक्तिको आय आर्जजनमा वृद्धि गर्न सकिने ।
- धार्मिक पर्यटकीय क्षेत्र विस्तारहुँदा यस क्षेत्रको कृषि, कुटीर उद्योग तथा कला संस्कृतिको प्रचार प्रसारमा सहयोग पुग्ने ।
- पवित्र शिला, उत्तरवाहीनी क्षेत्र रहेकोले यस क्षेत्रमा ऱ्याफ्टिङसहित साहसिक खेलको लागि गन्तव्य बनाउन सकिने ।

# जग्गाको भू-उपयोग वर्गीकरण सम्बन्धी

**सभाध्यक्षज्यू,** अध्यक्षज्यू को अनुमतिमा म विशेष समयको प्रयोग अर्न्तगत जग्गाको भू-उपयोग वर्गीकरण सम्बन्धी विषय जानकारी गराउदछु ।

## ❖पृष्ठभूमि

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७९/०२/२७ गते जारी भएको परिपत्र अनुसार प्रत्येक स्थानीय तहहरुले प्रचलित नीति, ऐन तथा नियमावली र मन्त्रालयबाट जारी परिपत्रको भावना र मर्म आत्मसात हुने गरी स्थानीय भू-उपयोग परिषद्बाट निर्णय गरी सम्बन्धित् तहको भूउपयोग क्षेत्र वर्गीकरण, भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्नुपर्ने भनि परिपत्र गरेको छ ।

## ❖परिचय

जग्गाको भू-उपयोग वर्गीकरण भनेको नेपालको भूबनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यक्ता समेतका आधारमा गरिएको भूमिको वर्गीकरणलाई भू-उपयोग वर्गीकरण भनिन्छ । स्थानिय भू-उपयोग परिषदले भू-पयोग क्षेत्र वर्गीकरण १० प्रकारमा रहनेगरि गर्नुपर्ने छ । जस अर्न्तगत...

क) कृषि क्षेत्र
ख) आवासीय क्षेत्र
ग) व्यावसायिक क्षेत्र
घ) औद्योगिक क्षेत्र
ङ) खानी तथा खनिज क्षेत्र
च) वन क्षेत्र
छ) नदी, खोला, ताल, सीमसार क्षेत्र
ज) सार्वजनिक उपयोग क्षेत्र
झ) सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
ञ) नेपाल सरकारबाट अवश्यकता अनुसार तोकिएको अन्य क्षेत्र ।

**सभाध्यक्षज्यू,**

समग्रमा भू-उपयोग भन्नाले भूमिको उपयोगलाई बुझाँउछ भने भू-उपयोग योजना भन्नाले स्थानीय तहको भू-उपयोगलाई व्यवस्थित गर्न तयार गरिने योजना लाई बुझिन्छ ।

❖ **जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरणको प्रमुख लक्ष्य**

नेपाल सरकारको मौजुदा नीतिगत एवम् कानुनी व्यवस्था अनुसार भू-उपयोग कार्यान्वयनको प्रमुख लक्ष्य कृषियोग्य भूमिको संरक्षण गर्नु तथा कृषि जग्गाको सम्भावित खण्डिकरण नियन्त्रण गर्नु रहेको छ ।

❖ **भू-उपयोग क्षेत्र वर्गीकरणमा स्थानीय तहको भूमिका**

भू-उपयोग क्षेत्र वर्गीकरण र भूपयोग योजना तर्जुमाको मापदण्ड तयार गर्ने र सोहि मापदण्ड अनुसार भू-पउपयोग नक्सा/डाटा अद्यावधिक गर्नु स्थानीय तहको मुख्य भूमिका रहेको छ ।

❖ **जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरणको आवश्यक्ता र महत्व**

-भूमिको उचित व्यवस्थापन

-रोक्का रहेको जग्गा खरिद बिक्रि, अंशबण्डा, कित्ताकाट फुकुवा

-जग्गाको कारोवारबाट हुने राजश्व संकलनमा सहयोग

-प्रत्यक कित्ताको भू-उपयोग जानकारी

-जोखिम नक्सांकन समेत समावेश हुने भएकोले सुरक्षित वस्ति विकासमा सहयोग

-कृषि योग्य भूमिको पहिचान र संरक्षण

-स्थानीय आवश्यकथता हरुलाई समेटेर भू-उपयोग योजनाको तयारी र नक्सा अपडेट

❖ **हाम्रो स्थानीय तहमा जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरणको अवस्था**

-स्थानीय भू-उपयोग परिषदको गठन भैसकेको छ ।

-जनप्रतिनिधि, वडा सचिव, सम्बन्धीत शाखा प्रमुखहरुलाई भू-उपयोग वर्गीकरण सम्बन्धी अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिसकिएको छ ।

-नापी विभागबाट भू-उपायेग नक्सा/डाटा ल्याइसकिएको छ ।

-भू-उपयोग वर्गीकरणको लागी आवश्यक मापडण्दको तयारी भैरहेको छ ।

-वडास्तरीय अर्न्तक्रियाको लागी समय तालिका निर्माण हुदै गरेको छ ।

धन्यवाद...... ।